**संसद जर्नल,** जेठ २०८३, वर्ष -३,अङ्क -१, पूर्णाङ्क-३, पृ. २२-५०
©२०८३ संघीय संसद सचिवालय
https:
www.parliament.gov.np
ISSN: 3059-9555

---

# राष्ट्रिय पञ्चायत : निर्दलीय व्यवस्थाको बन्द संसदीय अभ्यास

**डा. जगत नेपाल***

**सारसंक्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख २०१७ साल पुष १ गते राजा महेन्द्रले सैन्य बलका भरमा मुलुकको प्रथम जननिर्वाचित संसद् र सरकार भंग गरी ३० वर्षसम्म राष्ट्रिय पञ्चायतका नाममा चलेको निर्दलीय पञ्चायती व्यवस्था र त्यस अवधिमा भएको बन्द संसदीय अभ्यासका बिषयमा केन्द्रीत

संसदीय प्रजातन्त्रको अन्त्य गरेपछि राजाले २०१९ साल पुष १ गते नेपालको संविधान २०१९ जारी गरे। त्यो संविधानमा दलविहीन पञ्चायती व्यवस्थको सबभन्दा माथिल्लो तह राष्ट्रिय व्यवस्थापिकाको रुपमा एउटा राष्ट्रिय पञ्चायत रहने व्यवस्था गरियो। अनि २०२० साल वैशाख १ गते राष्ट्रिय पञ्चायतको पहिलो अधिवेशन आह्वान भयो। २०२० देखि २०३६ सालसम्म राष्ट्रिय पञ्चायत भित्र बन्द छलफल, बहस हुने गर्थ्यो। २०३६ सालको जनमत संग्रहपछि संविधानमा तेस्रो संशोधन भयो र बालिग मताधिकारका आधारमा निर्वाचन हुन थाल्यो। त्यसपछिका दिनमा राष्ट्रिय पञ्चायत भित्र मिडियाले प्रवेश पाए। देश र जनताका मुद्धामा खुला बहस गर्ने परम्परा स्थापित हुदै गयो। २०४६ सालको जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्था अन्त्य गरी मुलुकमा प्रजातन्त्र पुनस्थापना

* उप-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

गरेसंगै नेपाल पुनः संसदीय व्यवस्थामा फर्कियो । प्रस्तुत अनुसन्धानमूलक आलेख राष्ट्रिय पञ्चायत भित्रको बन्द संसदीय अभ्यास कसरी क्रमश खुला हुँदै गयो र मिडियाले त्यो सदनमा प्रवेश पायो भन्ने विषयमा केन्द्रीत छ।

***शब्दकुञ्जीः*** *व्यवस्थापिका, संसद्, प्रजातन्त्र, सदन र पत्रपत्रिका*

## पृष्ठभूमि

संसदीय व्यवस्था समाप्त पार्नु भन्दा केही महिना अघि अमेरिकी कांग्रेस (संसद्) को संयुक्त बैठकलाई सम्बोधन गर्दै राजा महेन्द्रले भनेका थिए गभर्नमेन्ट अफ दि पिपुल, फर द पिपुल, बाई द पिपुल स्याल नट डाई। अर्थात् जनताले, जनताद्धारा, जनताको भलाइका लागि रोजेको शासन व्यवस्था यस पृथ्वीबाट लोप नहोस् भन्ने आदर्शलाई हामी कहिल्यै नभुलौं (देवकोटा, २०३६, पृ. ३९३)। महेन्द्रको भनाइ र गराइमा आकाश-जमिनको भिन्नता हुन्थ्यो। उनी भन्थे एउटा, गर्थे अर्कै (कोइराला, २०६७, पृ. २७०)। शाहवंशीय राजाहरुमा कुनै पनि महत्वपूर्ण निर्णय लिदा होस् वा काम गर्दा साइत हेर्ने प्रचलन रही आएको थियो। राजा महेन्द्रले पनि संसदीय व्यवस्थाको अन्त्यका लागि ज्यौतिषीको सल्लाहमा २०१७ साल पुष १ गतेको साइत पहिले नै तय गरिसकेका थिए। कतिपय इतिहासकारहरूका अनुसार राजाले लामो समयसम्म त्यो योजनालाई आफैंमा सिमित राखेका थिए।

२०१७ साल पुष १ गते बिहान ११:१५ बजे तरुण दलको सम्मेलन उद्घाटनका लागि थापाथली पुगेका प्रधानमन्त्री बिपी कोइरालालाई कार्यक्रम स्थलबाटै

विनापूर्जी नियन्त्रणमा लिएर बन्दी बनाइयो। सैन्य बलमा जननिर्वाचिच संसद् र सरकार भङ्ग गरेका राजाले पुष १२ गते दिउँसो १ बजे आफ्नै अध्यक्षतामा नौ सदस्यीय मन्त्रिपरिषद् घोषणा गरे (नेपाल गजेटः २०१७ पुष १२)।

त्यसको १० दिनपछि पुष २२ गते दलहरु माथि प्रतिवन्ध लगाए। त्यही शाही घोषणामा पहिलो पटक उनले निर्दलीय पञ्चायती व्यवस्था शुरु गर्ने घोषणा गरेका थिए (थापा, २०७९, पृ. १४)। संयोग पनि कस्तो, दश वर्ष अघि राजा महेन्द्रका बाबु त्रिभुवनले जनतालाई संविधानसभा निर्वाचन गरी जनप्रतिनिधिहरुले बनाएको संविधानका आधारमा मुलुकको शासन व्यवस्था निर्धारण गर्ने बचन दिएका थिए। उनकै छोरा महेन्द्रले पहिला संविधानसभाको मुद्धा तुहाई दिए अनी दलहरुलाई संसद्को चुनाव स्वीकार्न बाध्य बनाए, संसद् भंग गरे, दलहरु माथि प्रतिवन्ध लगाए र निर्दलीय व्यवस्थाको शुत्रपात गरे।

## *अध्ययन विधि र सीमा*

गुणात्मक अध्ययन विधिमा आधारित यो अनुसन्धान २०२० देखि २०४६ बीचको अवधिमा नेपालमा भएको संसदीय अभ्यास बारे केन्द्रीत छ। प्रस्तुत लेख मूलत राष्ट्रिय पञ्चायतको भर्बेटिम (छलफलको अभिलेख), पूर्व प्रकाशित पुस्तक, अनुसन्धान तथा पत्रपत्रिकाको अध्ययनमा आधारित छ। प्राप्त तथ्याङ्कहरुलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ।

## *विरोधी पत्रपत्रिका माथि प्रतिवन्ध*

राजनीतिक दलहरुलाई अवैध घोषणा गरे लगत्तै विरोधी संघ संस्था र पत्रपत्रिका माथि प्रतिवन्ध लगाइयो। पञ्चायतको प्रचार प्रसारका लागि गोरखापत्रलाई २०१७ साल फागुनबाट दैनिक बनाइयो । अनी राष्ट्रिय समाचार समिति, रेडियो नेपाल र गोरखापत्रलाई पञ्चायतको प्रचारका लागि दुरुपयोग गरियो । प्रधानमन्त्री, मन्त्री र पञ्चहरूका भाषण सरकारी सञ्चार माध्यममा हुबहु समाचार बनाएर प्रकाशन—प्रसारण गर्न थालियो (वन्तः २०६१ पुस १)। संसदीय व्यवस्थाले राष्ट्रियतामा खलल् पार्ने काम गरेको, भ्रष्टाचार र अनियमितता बढाएकाले नेपाली माटो सुहाउदो पञ्चायती प्रजातन्त्र राजाले लागु गर्नु परेको हो भन्ने भाष्य श्रृजना गर्न खोजीयो। ति दिन सरकारी सञ्चार माध्यममा राजाको नेतृत्वमा शुरु गरिएको पञ्चायती व्यवस्थाको प्रवर्धनका लाग प्रवाह गरिएको सन्देशका केही नमुना यस्ता थिए।

 ‘चालिस वर्ष अघिसम्म एक मात्र असल व्यवस्था संसदीय प्रजातन्त्र थियो, तर आज यो व्यवस्था वुर्जुवाहरुको पेवा बनेकाले राजाबाट नयाँ व्यवस्था प्रतिपादन भएको हो- मन्त्रीपरिषद्का उपाध्यक्ष डा. तुलशी गिरीको भनाई (गोरखापत्र, २०१८ वैशाख २)।

संसदीय प्रजातन्त्र असल हो भन्ने कुरामा दुई मत हुन सक्दैन तर १०४ वर्षसम्म थिचिएका नेपाली जनमा समानताको भावनाको कमी छ, सहन गर्ने शक्तिको कमी

छ र दवाउने प्रवृत्ति छ, त्यस ठाउँमा एकै चोटी पश्चिमी ढंगको प्रजातन्त्र कसरी सफल हुन सक्छ।

राष्ट्र निर्माणको बेला देशलाई दलगत राजनीतिको अखडा बनाउनु हुदैन। हाम्रो देशलाई एउटै मात्र नेताको आवश्यक छ र हामीलाई विश्वास छ, सर्वाधिक लोकप्रिय श्री ५ महाराजाधिराजको कोही प्रतिद्धन्द्धी हुन सक्दैन-गृहमन्त्री विश्वबन्धु थापाको भनाई (गोरखापत्र, २०१८ जेठ १४)।

यसरी राजा र पञ्चहरुले एकातिर संसदीय व्यवस्था नेपालका लागि उपयुक्त छैन, पञ्चायत मात्र नेपाल र नेपालीको भाग्य निर्माण गर्ने शासन प्रणाली हो भन्ने एकोहोरो प्रचार अभियान चलाए।

## *व्यवस्थापिकाका रुपमा राष्ट्रिय पञ्चायत*

नेपालको संविधान २०१५ लाई खारेज गरेर राजाले २०१९ साल पुष १ गते हुनमानढोका दरवारमा नयाँ संविधान जारी गरे। संविधानमा गाउँ÷नगर, जिल्ला, अञ्चल र राष्ट्रिय पञ्चायत गरी निर्दलीय व्यवस्थाका चार वटा राजनीतिक इकाई रहने व्यवस्था थियो। थापा (२०७९) का अनुसार नयाँ व्यवस्थामा राष्ट्रिय पञ्चायतलाई संसदीय पद्धती अन्तर्गत चलाउने, न्यायपालिका र कार्यपालिकाको संरचना राख्ने र शासकीय केन्द्र राजालाई बनाउने नीति अपनाइएको थियो (पृ. १४४)। ति दिन पञ्चहरुले पञ्चायती दर्शन साम्यवाद भन्दा प्रगतिशिल र संसदीय

व्यवस्था भन्दा प्रजातान्त्रिक छ भन्ने व्यापक प्रचार गरिरहेका थिए । त्रिभुवन विश्वविद्यालयका उपकूलपति समेत रहेका रणधीर सुव्वा (२०२३) लेख्छन्—

*संसद्वाट चलेको प्रजातन्त्र अफाप भएपछि श्री ५ महेन्द्रबाट देशलाई पञ्चायती व्यवस्था बक्सियो। जसमा जनताले शासनमा भाग लिने, देशलाई धनी बनाउने र अन्य देशको दाँजोमा पुग्न सक्ने यो तिनै कुराहरु छन्। समाजलाई अघि बढाउन। प्रजातन्त्र खाए एक पटक भोट खसालेर चुप लागेर बसेर मात्र हुने होइन। शासनमा जनताले भाग लिएपछि खास प्रजातन्त्र पाइन्छ। कसैको नक्कल गरेर होइन, आफ्नो तरिकाले हामीले हाम्रो शासन व्यवस्था चलाउनु पर्छ भनी पञ्चायतका प्रादुर्भाव राजाबाट भएको हो (पृ.१—६)।*

अरु धेरै विद्धानहरुलाई त्यही लाइनमा लेख्न लगाइयो । श्री ५ र पञ्चायत नामक पुस्तकमा शर्मा (२०४३) लेख्छन् —

*भारत र वेलाइतका किसिमको संसदीय प्रणालीले पो देश सप्रिन्छ की भनी २०१५ सालमा निर्वाचन गराई बस्कियो । निर्वाचन जितेर आएका व्यक्तिहरुले वहुमतको घमण्डमा राष्ट्रियता, राजमुकुट र राष्ट्रभाषालाई नै प्रहार हुने किसिमका काम कार्वाइ गर्न थाले। झन्नै शतप्रतिशत शिक्षित बेलाइतीहरुमा कैयौं शताव्दीदेखि परिवर्तित र विकास हुदै वेलायती माटोमा भिजिसकेको व्यवस्था त्यहाँ सफल भयो भन्दैमा र तिनै बेलायतीहरुले डेढ सय वर्ष जति शासन गरी राजनीतिको बहुदलीय परम्परा वसाई दिएको र त्यसै परम्पराको अनुशरण गरेर स्वतन्त्रता पाएको छिमेकी भारतमा*

*देवकोटा, खिमलाल, २०८३*

*त्यो संसदीय व्यवस्था चल्यो भन्दैमा नेपालमा पनि नक्कल गर्नु ऐतिहासिक र शैक्षिक दृष्टिले व्यवहारिक र तर्क संगत थिएन (शर्मा, २०४३, पृ. ११)।*

पञ्चायती व्यवस्था लागु भएपछि लामो समयसम्म संसदीय प्रजातन्त्र नेपालका लागि उपयुक्त छैन भन्ने भाष्य खडा गरियो ।

**राजालाई राजनेता का रुपमा ब्राण्डिङ**

पञ्चायती व्यवस्थाको आरम्भदेखि नै पछि राजा महेन्द्रलाई राजनेताको रुपमा स्थापित गर्न राज्यका श्रोत र साधनको अधिकत्तम प्रयोग भएको पाइन्छ । त्यति बेला राजा बाहेक मुलुकमा अर्को नेता छैन भन्ने मान्यता स्थापित गर्न दर्जनौ साहित्य तयार गरी तिनको प्रकाशन तथा प्रशारण गरिएको पाइन्छ । राजा महेन्द्रको ४६ औं शुभजन्मोत्सवका अवसरमा २०२२ जेठ २९ गते श्री ५ को सरकार प्रचार प्रसार विभागले प्रकाशन गरेको श्री ५ महेन्द्र एक विचार राजनेता नाम पुस्तिका लेखकले राष्ट्रिय अभिलेखालयमा पाएको थियो। त्यो पुस्तिकामा त्रिभुवन विश्वविद्यालयका उपकूलपति समेत रहेका रणधीर सुब्बा लेख्छन्—

*राजनेताको अर्थ राजा नभएर नेता भएको अथवा राजा भएर पनि नेता भएको हुन सक्छ, अनी राजाको नेता अथवा राष्ट्रको नेता पनि हुन सक्छ । राजा हुनाले नै स्वतः राजा राष्ट्र नेता हुन्छन्। हाम्रा राजा श्री ५ महेन्द्र भन्नाले बंशले, परम्पराले नेता होइबक्सन्छ, तर यो भन्दा बढी हाम्रा राजामा नेतामा हुनु पर्ने गुण भएकाले, ती गुणका प्रमाण मौसुफ सरकारको जीवनमा, कार्यक्षेत्रमा वरावर हामीहरुले*

*देखेकाले, जन्मको आधारमा मात्र होइन कि कार्यको आधारमा पनि श्री ५ महेन्द्र राष्ट्रका नेता होइबक्सन्छ (पृ.४—५)*

त्यसै गरी सरकारी सञ्चार माध्यम र सरकारले प्रकाशन गरेका साहित्य राजाको व्यक्तित्व निर्माण गर्न, पञ्चायती व्यवस्थाको प्रवर्धन गर्न र संसदीय व्यवस्थाको बदमनाम गर्न केन्द्रीत थिए।

**बन्द संसदीय अभ्यास**

पञ्चायती व्यवस्थालाई नेपाली माटो सुहाउँदो प्रजातान्त्रिक शासन प्रणालीको जलप लगाइएको भए पनि वास्तविक रुपमा त्यो राजतन्त्रात्मक शासन व्यवस्था नै थियो। संविधानले राजालाई कार्यकारिणी, व्यवस्थापिकीय र न्यायिक अधिकारको श्रोत मानेको थियो। त्यसैले पनि संसद्का रुपमा राष्ट्रिय पञ्चायत राजाको भारदारी सभा मात्र थियो। दरवारको इच्छा विपरित सदनले कुनै पनि निर्णय लिन सक्दैनथ्यो। व्यवस्थापिकामा विधेयक पेश गर्न सकिने भए पनि आर्थिक र अरु केही विधेयक ल्याउनु अघि राजाको सहमति हुनै पथ्यो । सदनबाट पारित भएका कुनै पन कानून स्वीकृत गर्ने वा नगर्ने अधिकार राजामा निहित गरिएकाले राष्ट्रिय पञ्चायत देखावटी संसदीय संयन्त्र मात्र थियो भन्ने प्रष्ट हुन्छ (नेपालको निर्वाचन इतिहास— भाग १, २०७२, पृ. १५१)। कर लगाउने वा कुनै पनि विधेयक वा प्रस्ताव राजाको इच्छा विना लागु हुन सक्दैनथे।

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका लगायत मुलुकको सार्वभौम शासकीय अधिकार राजासंगै भएकाले राष्ट्रिय पञ्चायत नाम मात्रको जनप्रतिनिधिमूलक संस्था थियो।

पञ्चायतकालीन अञ्चलाधीश र गृह सचिव प्रसाईले भनेका छन्—राष्ट्रिय पञ्चायतका उम्मेद्धवार समेत खारिएकाहरु अञ्चलाधीशको सिफारिसमा मात्र चयन गरिन्थे। उम्मेद्वार राजाको मन गढेकै हुनु पर्छ भन्ने थियो (आचार्य, २०७३, पृ. १३६—१३७)। केही अपवादलाई छोडेर प्राय दरवारले छनौट गरेका उम्मेद्धवार नै विजय भएर आउथे। यसबाट पनि थाहा हुन्छ, राष्ट्रिय पञ्चायत देश दुनियाँलाई देखाउनका लागि बनाइएको सदन मात्र थियो (थापा, २०७९, पृ. १४४) । राजा, राजपरिवार र पञ्चायती व्यवस्था विरुद्ध सदनमा छिसिक्क बोल्न पाइदैनथ्यो । पूर्व प्रधानमन्त्री चन्दको शव्दमा—राजाको आलोचना वाहेक राष्ट्रिय पञ्चायत सबै खाले वहस र छलफलका लागि खुल्ला थियो। निर्दलीय व्यवस्था भए पनि पञ्चायत भित्र सत्ता र प्रतिपक्षको अभ्यास हुने गर्थ्यो। कुन सदस्य कुन दिनसम्म सत्ता पक्ष रहन्छ र कुन दिन विपक्ष हुन्छ थाहा हुदैनथ्यो। राष्ट्रिय पञ्चायत र समितिहरुका बैठक गोप्य हुन्थे। यस प्रसंगमा सुव्वा (२०२३) लेख्छन्—

*राष्ट्रिय पञ्चायत सदस्यले सदन भित्र छलफल गर्दा निष्फिक्री भएर बोले हुन्छ । कसैलाई वाधा पर्ला की अथवा वाहिर बस्दा नराम्रो पो पर्ने हो की भन्ने चिन्ता लिनै पर्दैन। किन भने सदनका सबै बैठक गुप्त रुपले बस्छन् । त्यस पञ्चायत*

*भवन भित्र छलफल हुँदा पत्रकारहरुलाई राखिएको हुदैन र सदस्यहरुले बाहिर आएर यस्तो कुरा गऱ्यो, उस्तो कुरा भयो, इत्यादी बोल्नु हुदैन । यसरी छलफल गुप्त राख्दा एउटा अर्को फाइदा पनि छ । त्यो के भने मैले यसो बोलेमा वाहिर खुब मान पाइन्छ भनेर कुनै पनि सदस्यले राष्ट्रिय पञ्चायत भित्र आफ्नो तारिफ गर्ने खालका कुरा पट्टि ध्यान मात्र  कि भन्ने कुराको शंका नै रहेन । अनी परेका समस्याहरुको निस्वार्थ भावले छलफल हुन आउछ (पृ. ३३—३४)।*

राष्ट्रिय पञ्चायतको गोपनीयताको विशेषता बारे सुव्वा (२०२३) अघि लेख्छन्—

*अखबारवाला र अरु दर्शकवर्गहरु बस्न नपाउने गरी छलफल गुप्त रुपले गर्नु पर्ने कानूनहरु बनाइएको छ । यसले गर्दा सभामा चाहिने जे सुकै बोले पनि मेरो निमित्त अखवारमा छापिन्छ र अनी सबैको स्यावासी सजलै पाउन सक्छु भनी कसैले सोच्नु पर्ने भएन । किन भने पञ्चायतमा भए, गरेका कुराहरु संक्षेपमा मात्र वाहिर आउने भइ कसैको नाम हमेसी दिइदैन । सभालाई गोप्य राख्दा अर्को फाइदा छ, देशलाई हित हुने कुरा माथि छलफल गर्दा कुनै वर्ग बारे आलोचना गर्नु पर्दा सदस्यहरुले ति वर्ग रिसाउलान् कि भनी कुनै डर मान्नु पर्दैन (पृ. ५३—५४)।*

पञ्चायतकालमा सदन र समितिका छलफल तथा वहस बन्द कोठामा सिमित हुने भएकाले नेपाली जनताले लामो समयसम्म आफ्ना जनप्रतिनिधिहरुका गतिविधि बारे सूचना पाउने अवस्था थिएन।

राष्ट्रिय पञ्चायत शुरु भएको १८ वर्षसम्म सदन भित्र पत्रकारहरुको प्रवेश निषेध गरियो। त्यो अवधिमा राष्ट्रिय पञ्चायतले तयार पारेको प्रेस विज्ञप्तिका आधारमा मिडियाले समाचार बनाउनु पर्थ्यो। साल राष्ट्रिय पञ्चायतको रिपोटिङ गरेका पत्रकार उज्ज्वल झाको शव्दमा २०20 देखि २०३७ सालसम्म राष्ट्रिय पञ्चायत हाउस क्यामरा का रुपमा सञ्चालन हुन्थ्यो। अर्थात् भित्र हुने छलफल भित्रै सिमित हुन्थे।

## बैठक शुरु गर्ने विधि

विश्वमै वेलायती संसद्लाई लोकतन्त्रको प्रयाय मान्ने गरिन्छ। त्यस सदनको सार्वभौम अधिकार संसारभरका लागि उदाहरण बन्ने गर्छ। बेलायती संसद्ले मृत्युदण्ड दिए पनि सहर्ष स्वीकार्न राजा तयार रहनु पर्दछ। त्यहाँ संसद्को निर्णय नै अन्तिम हुन्छ। निर्दलीय पञ्चायती व्यवस्थामा पनि वेलायती (वेष्टमिनिष्टर) शैलीकै आधारमा सदन सञ्चालन गर्ने परम्पराको नक्कल गर्दै राजा सहितको संसदीय अभ्यास गर्न खोजेको देखिन्छ। यद्यपी राष्ट्रिय पञ्चायत नाम मात्रको संसद् थियो र राजाको इच्छा विपरित सदनमा पात समेत हल्लिदैनथ्यो। प्रथम अध्यक्ष थापाकै शव्दमा वेष्टमिनिष्टर प्रणालीलाई नेपाली माटो सुहाउदो हुने गरी परिमार्जन गरेर राष्ट्रिय पञ्चायतका बैठक र कामकारवाही अघि बढाउने विधि र परम्परा स्थापित गरिएको थियो ।

राष्ट्रिय पञ्चायतमा अध्यक्ष आसनको ठिक पछि राजाको सिंहासन राखिएको थियो। प्रत्येक दिन सदनको कामकारवाही शुरु गर्नु अघि मर्यादापालकले जोडसंग माननीय

अध्यक्षज्यू, माननीय सदस्यहरु, श्री ५ महाराजाधिराज सरकारको राज निशाना, माननीय अध्यक्ष आउदै हुनुहन्छ भनेर बैठक प्रारम्भ हुन लागेको जनाउ दिन्थे। त्यसपछि चाँदीबाट बनेको करिव पाँच फिट लामो राजदण्ड (राज निशाना) का साथ अध्यक्ष, उपाध्यक्ष, एक जना मन्त्री, राष्ट्रिय पञ्चायतका सचिव लहरै सदनमा प्रवेश गर्थे। राज निशाना र सदनको सम्मानका लागि सबै उठ्नुपथ्यो। माथिल्लो टुप्पोमा श्रीपेच रहेको र तलतिर बिडको गोलाई सानो हुँदै गएको राज निशानालाई मर्यादापालकले राजसिंहासनमा राखेपछि अध्यक्ष, उपाध्यक्ष र मन्त्री सहित सबै सदस्यहरुले निहुरिएर सम्मान प्रकट गर्नु गर्थे । त्यसपछि सदन प्रति सम्मानपूर्वक निहुरिएर अध्यक्षले आसन ग्रहण गर्थे (स्थापित, २०३८, पृ. ५१—५२) । अनी सबै सदस्यले अध्यक्षको आसनप्रति सम्मानपूर्वक निहुरिएर आआफ्नो स्थान ग्रहण गर्नु पथ्यो ।

त्यसै गरी राष्ट्रिय पञ्चायतमा सरकारको नीति तथा कार्यक्रम राजाबाट सदनमा वाचन गर्ने प्रचलन थियो। त्यस दिन बैठक आरम्भ गर्दा मर्यादापालक जोडसंग भन्ने गर्थे, माननीय सदस्यहरु, श्री ५ महाराजाधिराज सरकार, अनी उच्च सम्मानका साथ राजालाई गद्दिमा बसाइन्थ्यो । त्यसपछि अध्यक्षले शिर निहुराएर राजा प्रति सम्मान भाव जनाएर आसन ग्रहण गर्थे । त्यसपछि सदस्यहरुले राजा र अध्यक्षप्रति सम्मानका लागि शिर निहुराएर आसन ग्रहण गर्नु पथ्र्यो । अनी मात्र अध्यक्षले बैठकको कामकारवाही अघि बढाउथे ।

राष्ट्रिय पञ्चायत नियमावलीमा अध्यक्षको आसन र बोली रहेका सदस्यहरुको बीचबाट हिड्न नपाइने, बैठकसंग सम्वन्धित वाहेक अरु बिषयको पुस्तक, कागजपत्र वा पत्रिका पढ्न नपाइने व्यवस्था थियो। बैठक स्थगित वा समाप्त भएपछि अध्यक्ष लगायत सबै सदस्यहरुले उठी राज निशान प्रति सम्मानपूर्वक निहुरिनु पथ्र्यो । त्यसपछि सदनबाट राज निशान लैजादा समेत अध्यक्ष, उपाध्यक्ष र एक जना मन्त्री राज निशानको पछिपछि जानु पर्थ्यो। राज निशान सदनबाट वाहिर लगि सकेपछि मात्र सदस्यहरुले सदन छोड्नु पर्थ्यो।

**राजपरिवार बारे बोल्न रोक**

राष्ट्रिय पञ्चायतमा छलफल तथा वहसका क्रममा राजा, रानी सहित राजपरिवारका कुनै सदस्यको नाम उल्लेख गर्न संविधान र नियमावलीले वन्देज लगाएको थियो। त्यसै गरी दलविहिन पञ्चायती व्यवस्थाको मूलभूत सिद्धान्त विपरितका बिषयमा छलफल पाइदैनथ्यो। अदालत वा कुनै न्यायिक अधिकार प्राप्त अधिकारीको समक्ष विचाराधिन रहेको बिषयमा छलफल र वहस गर्न नपाइने व्यवस्था थियो।

त्यसै गरी सदनमा अपञ्चायती, अशिष्ठ, अश्लिल, आपत्तिजनक, अपमानजनक, विद्रोहात्मक वा अरु कुनै किसिमबाट आपत्तिजनक शव्द प्रयोग गर्न नपाइने व्यवस्था पनि नियमावलीले गरेको थियो । सदनमा राष्ट्रिय पञ्चायतले गरेका कुनै निर्णय वदर गरियोस् भन्ने प्रस्ताव माथि बोल्दामा वाहेक राष्ट्रिय पञ्चायतका निर्णयको आलोचना गर्न पाइदैनथ्यो ।

निर्दलीय व्यवस्था अन्तर्गतको व्यवस्थापिका कसरी सञ्चालन गर्ने, त्यसको कार्यविधि के हुने, सरकार र राष्ट्रिय पञ्चायतबीचको सम्वन्ध कस्तो हुने, सदनमा विधेयक कसरी ल्याउने, छलफल कसरी चलाउने, कसरी पारित गर्ने, सार्वजनीक महत्वका प्रस्ताव ल्याउने प्रकृया के हुने, छलफल विधि कस्तो हुने, पारित गर्ने प्रकृया के कस्तो हुने, प्रश्नोत्तर विधि कस्तो हुने ? लगायत सदन सञ्चालनका यावत प्रकृयाको रेखा कोर्ने कामको नेतृत्व अध्यक्ष थापाले सुविचारित रुपमा गरेका थिए।

त्यसै गरी सरकारका बिजनेस सदनमा कसरी पेश गर्ने, सदस्यहरुले कसरी बोल्ने, मन्त्रीले कसरी जवाफ दिने, कति समय लिने आदीबारे नियमावली बनाएर राष्ट्रिय पञ्चायतको गुणस्तर बढाउन अध्यक्ष थापाको ठूलो योगदान थियो (थापा, २०७९, पृ. १४८)। यस प्रसंगमा राष्ट्रिय पञ्चायतका प्रथम अध्यक्ष थापाले लेखकसंग भनेका छन्—राजाले देशमा विकासको मुल फुटाउने र केही वर्षपछि राजनीतिक दलहरुलाई सत्ता हस्तान्तरण गर्ने बचन दिएका कारण मैले उनको कदमलाई समर्थन गर्दै राजालाई साथ दिएको थिए । शुरुवाती दिनमा सदनलाई प्रभावकारी बनाउन निकै मेहनत गरियो । यस प्रसंगमा राष्ट्रिय पञ्चायतका अन्तिम अध्यक्ष नवराज सुवेदीले लेखकसंग भनेका छन्—निर्दलीय पञ्चायतको सर्वोच्च व्यवस्थापिकाको परम्परा बसाउन प्रथम अध्यक्ष थापाले निकै महेनत गरेका थिए। राष्ट्रिय पञ्चायतको पुरै कार्यकाल सदस्य हुनेमा सुवेदी र बालाराम घर्तिमगर मात्र थिए।

*देवकोटा, खिमलाल, २०८३*

## संसदीय समितिको अभ्यास

शुरुवाती दिनमा राष्ट्रिय पञ्चायत भित्र लेखा र अनुमान समिति मात्र थिए। पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले लेखकलाई सुनाए—लेखा समिति सभापतिमा आलोचनात्मक चेत भएका व्यक्तिलाई जिताउने परम्परा जस्तै थियो। सभापतिलाई मन्त्री सरहको सुविधा दिइएको थियो। महालेखा परिक्षकको प्रतिवेदन माथि छलफल गर्ने क्षेत्राधिकार लेखा समितिलाई तोकिएको थियो। पछि समितिको संख्या ५ बनाइयो र वालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतको चुनाव हुन थालेपछि छ पुर्‍याइएको थियो। २०४३ ताका पञ्चायत, सामाजिक, लेखा, आर्थिक, जलश्रोत र विकास गरी छ वटा समिति थिए (गोरखापत्र, २०४३ असार १९, पृ. १)।

## राजाको भक्तिगान गर्ने संस्कृति

सबै बिषयमा गर्मागर्म वहस र छलफल भए पनि राष्ट्रिय पञ्चायतमा राजाको चाकरी, चाप्लुसी र गुणगान गर्न सदस्यहरुबीच को भन्दा को कमको शैलीमा प्रतिश्पर्धा हुने गरेको अभिलेखमा पढ्न सकिन्छ । २०२० पछिका सदनको यत्न प्रयत्न राजा र राजतन्त्रलाई बलियो बनाउमै केन्द्रत थियो । यो व्यवस्थाले राजा र दरवारलाई शक्तिको श्रोतका रुपमा स्थापित गर्‍यो । केही अपवादलाई छोडेर सदनमा राजाका चाकरहरु नै थिए। सदन भित्रको वहसमा पनि अधिकांश समय राजा र राजपरिवारको चाकरी चाप्लुसी मै खर्च भएको अभिलेखले देखाउछ । शक्तिको

पूजारी रहदै आएको नेपाली समाजमा पञ्चायती व्यवस्था शुरु भएपछि राजा र दरवारको चाकरी, चाप्लुसी र व्यक्ति पूजा गर्ने संस्कृति झनै मौलाउन पुग्यो । राजा संवैधानीक राष्ट्राध्यक्ष रहनु पर्छ र जनप्रतिनिधिहरुले शासन चलाउनु पर्छ भनेर २००७ सालको क्रान्तिपछि आरम्भ भएको प्रजतान्त्रिक प्रणालीलाई निस्तेज बनाएर राजदरवारलाई शक्तिको केन्द्रका रुपमा स्थापित गर्न राष्ट्रिय पञ्चायतले ठूलो भूमिका काम खेल्यो। राणाकालमा सिंहदरवार शक्तिको केन्द्र थियो भने नारायणहिटी खोपीका देवता (राजा) को वासस्थानमा मात्र सिमित थियो । निर्वाचित सरकारका पालामा समेत सरकारका महत्वपूर्ण निर्णय सिंहदरवारबाटै भए । पञ्चायती व्यवस्था आरम्भ भएपछि नारायणहिटी दरवार वास्तविक रुपमा शक्तिको केन्द्र बन्यो भयो भने सिंहदरवार नाम मात्रको केन्द्रीय सचिवालयका रुपमा रहन गयो। सबै निर्णय नारायणहिटीको आशयका आधारमा हुन थाले ।

पञ्चायतकालभर दरवारको इसारा र चाहना विपरित देशमा रुखको पात समेत हल्लिदैनथ्यो।

## सदन खुला गर्न माग

२०२४ असोज ६ गतेको कुरा हो । स्नातक तर्फका सदस्य बासुदेव ढुंगानाले सबै भन्दा पहिला सदनको काम कारवाही जनताका लागि खुल्ला गर्नु पर्छ भन्ने प्रस्ताव राखे । शुरुका तीन वर्ष सदन गोप्य रुपमा चलेको थियो । २०३२ सालमा संविधानको दोस्रो संशोधन भए पछि गाँउ पञ्चायत देखि विभिन्न वर्गिय

*देवकोटा, खिमलाल, २०८३*

संगठनका सदस्यहरुले सदन भित्र गएर राष्ट्रिय पञ्चायतको काम कारवाही हेर्न पाउने भए । यस परिपेक्षमा ढुंगानाले बैठकमा हुने काम कारवाही आम जनताका लागि समेत खुला गराउन श्री ५ का जुनाफमा सविनय विन्ती चढाउने प्रस्ताव पेश गर्दै भनेका थिए—

*पञ्चायती व्यवस्थाको सर्वोच्च संस्था राष्ट्रिय पञ्चायत बारे सर्वसाधारणको मनोभावना के छ रु राष्ट्रिय पञ्चायतको बैठकमा हुने काम कारवाही जनतालाई देखाउने आवश्यकता किन भएको हो रु आदी कुरा श्री ५ को जुनाफमा विन्ती चढाउनु पनि आवश्यक छ।*

*आज जुन गोपनीयता छ। यसले गर्दा सर्वसाधारण जनता र राष्ट्रिय पञ्चायतको प्रत्यक्ष तह जो छ, त्यस तहमा केही कुरा खट्किराखेको छ । कर नीति प्रस्तुत गर्दा यो सदनको वातावरण र रुपरेखा कस्तो हुन्छ भन्ने कुरा हेर्न र जान्न सर्वसाधारण जनताको इच्छा हुन्छ। यो व्यवस्था जनताको करले चलेको छ । त्यसैले प्रत्येक जनताले राष्ट्रिय पञ्चायतको काम कारवाही बारे जान्न नहुने केही छैन जस्तो मलाई लाग्छ। अब श्री ५ को सरकारले ढाकछोप गरी लुकाएर राष्ट्रिय पञ्चायतको गोपनियतालाई राख्न सम्भव छैन । गाँउ पञ्चायत देखि वर्गीय संघ संगठनका सदस्यहरुका लागि सदन खुल्ला गरिएको सन्दर्भमा सर्वसाधारण जनतालाई पनि यो सदनको कारवाही देखाउनमा केही आपत्ति हुदैन जस्तो मलाई लाग्छ। श्री ५ को खुल्ला दिललाई ढाकछोप र छोपछाप गरि राख्नु हुदैन। त्यस*

*कारण गोपनीयता हटाउनका लागि माननीय सदस्य साथीहरुले पूर्ण सहयता दिनु हुने छ भन्ने आशा गर्दछु (राष्ट्रिय पञ्चायतको भर्वेटिम, २०२४ असोज ६)।*

ढुंगानाको प्रस्तावलाई स्नातक तर्फका अर्का सदस्य विरेन्द्रकेशरी पोखरेल समर्थन जनाए। पोखरेलको भनाई थियो

*हाम्रो राष्ट्रिय नेता श्री ५ बाट संविधान संशोधन गरी मन्त्रीपरिषद् अध्यक्षको बदलामा प्रधानमन्त्री पद श्रृजना गरिबक्सेको छ । विभिन्न पञ्चायतका सदस्य र वर्गिय संगठनका सदस्यहरुले बैठक हेर्ने अवसर पाएका छन् । यस कारण पनि अव राष्ट्रिय पञ्चायतको गोपनीयता विल्कुल सुरक्षित छ भनी भन्न सकिदैन । राजाले चाहेको अवस्थामा लोकसम्मतिको आधारमा जुनसुकै अवस्थामा यसलाई खुल्ला राख्न सकि बक्सन्छ । यो प्रस्ताव स्वागत योग्छ छ । यस कारण उक्त प्रस्तावमा मा. अध्यक्षले विशेष ध्यान दिइ राष्ट्रिय पञ्चायत बैठकको कारवाही खुल्ला रुपमा होस् भनी राखिएको प्रस्ताव श्री ५ का जुनाफमा चढाइयोस् भनी अनुरोध गर्दछु (राष्ट्रिय पञ्चायतको भर्वेटिम, २०२४ असोज ६)।*

सदन खुल्ला गरिनु हुदैन भन्ने पक्षमा रहेका पञ्चहरुले भने सदनको गोपनीयता खुला गर्न उपयुक्त समय आइ नसकेको तर्क अघि सारे । त्यस दिनको बैठकमा भाग लिदै मा. ललीत चन्दले भनेका थिए—

*देवकोटा, खिमलाल, २०८३*

*पञ्चायती व्यवस्थाको संस्थापक हाम्रो नेता (राजा) सकृय रुपमा अगाडी बढी बक्सेको छ। विद्धान सदस्यले सदन खुल्ला गर्ने प्रस्ताव ल्याउनु भए पनि हामीले यसरी हतारिएर काम गर्नु हुदैन। हतारिएर काम गर्दा व्यवस्थामा धक्का लाग्न सक्छ । श्री ५ बाट उपयुक्त ठहराएमा सदन खुल्ला गर्ने काम गरि बक्सने छ। विधेयकको रुपमा सदनबाट पास गरी पठाउदा मौसुफलाई प्रेसर गरेको जस्तो लाग्छ। त्यसकारण अध्यक्ष मार्फत प्रस्ताव वापस लिनु भएमा वा स्थगित गर्नु भएमा बढी राम्रो होला । थप यस प्रकारको प्रस्तावले श्री ५ को स्वविवेकमा समेत अर्को भावना उत्पन्न हुन सक्तछ (राष्ट्रिय पञ्चायतको भर्वेटिम, २०२४ असोज ६)।*

चन्दपछि बोल्ने अर्का सदस्य दिलबहादुर श्रेष्ठले स्नातक तर्फका सदस्यहरु व्यवस्थाको विरोध र त्रुटी देखाएर चुनिएकाले उनीहरु यो व्यवस्था प्रति इमान्दार छैनन् भन्ने धारणा राखे। उनको भनाई थियो—

*राष्ट्रिय एकताको चिन्ह नै गोप्यता हो। राष्ट्रिय पञ्चायतको नैतिकताका लागि गोप्यता चाहिन्छ र विदेशी तथा विरोधीहरुको प्रभावबाट बचाउनु नै नैतिकता हो। यहाँ रेडियोबाट नाम प्रचार गराउन वा दर्शकहरुलाई प्रभावित गर्न बहस हुदैन। निष्पक्षताका साथ आफ्नो आफ्नो विचार व्यक्त गर्नको निमित्त नै यहाँ बहस हुन्छ (राष्ट्रिय पञ्चायतको भर्वेटिम, २०२४ असोज ६) ।*

श्रेष्ठले राजाको नाम लिएर राष्ट्रिय पञ्चायतमा सुधार आवश्यक नभएको विचार राखेपछि प्रस्तावक ढुंगानाले नियमापत्ति जनाउदै भनेका थिए —माननीय सदस्यले वहसमा श्री ५ को बारम्बार उल्लेख गर्नु भै प्रभाव पार्न खोज्नु भएको छ छैन । राजाको नेतृत्वमा सवाल छैन । त्यसपछि बहसमा भाग लिदै प्रधानमन्त्री सूर्यबहादुर थापाले भने—श्री ५ को उल्लेख बहसमा गर्नु हुदैन भन्ने छैन । किन भने यो राजामा चढाउनका लागि बहस भएको हो । थापाको भनाई पछि फेरी प्रस्तावक सदस्य ढुंगानाले भने—यो वहसमा राजाको नेतृत्व आवश्यक छ वा छैन भन्ने प्रश्न उठ्दैन। राजालाई ढाल बनाएर आफू तरवार बन्न खोज्नु चाहिँ ठिक भएन।

त्यसपछि माननीय राम सिंह यादवले बैठक खुल्ला गर्न नहुने पक्षमा मत राखे। तत्काल अर्का सदस्य नरेन्द्रकुमार प्रधानले सदनको काम कारवाही खुला रहनु नै उचित हुने भएकाले प्रस्ताव सर्वसम्मत रुपमा पारित गरी अध्यक्ष मार्फत श्री ५ का हजुरमा पुऱ्याइयोस् भन्ने विचार राखे । यस प्रकारको छलफल र घोचपेच भने राष्ट्रिय पञ्चायतमा प्रसस्त भएको पाइन्छ । तर त्यो बेला सदनको गोपनीयताका कारण प्रेसलाई पहुँच नदिएकाले गर्दा आम जनताले त्यस बिषयमा जानकारी पाउदैनथे।

## व्यवस्थापिकाको प्रत्यक्ष निर्वाचन

जनमत संग्रहपछि वालिग मताधिकारका आधारमा पाँच वर्षका लागि राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन गर्ने, राष्ट्रिय पञ्चायतको सिफारिसमा राजाबाट प्रधानमन्त्री नियुक्ति

हुने व्यवस्था गरियो। ति दिन दलहरु माथिको प्रतिवन्ध फुकुवा नभए पनि नामको अगाडी प्र. (प्रतिवन्धित) लेखेर राजनीतिक गतिविधि चलाउने वातावरण बनेको थियो। त्यस पृष्ठभूमीमा २०३८ साल वैशाख २७ गते वालिग मताधिकारका आधारमा पाँच वर्षका लागि राष्ट्रिय पञ्चायतको निर्वाचन भयो । त्यो निर्वाचनमा पञ्चहरु बीचको तिक्तता र गुटबन्दी चुलीमा पुग्यो। पहिलो पटक जनताको प्रत्यक्ष मतबाट विजयी हुनु पर्ने अवस्था आएकाले पञ्चहरु आफ्नो गुटलाई जिताउन र विरोधीलाई हराउन सकृय भए। यस प्रसंगमा राष्ट्रिय पञ्चायत सदस्य समेत रहेका प्रसाई (२०४३) लेख्छन्—

*प्रधानमन्त्री सूर्यबहादुर थापा माथि आफ्नो पक्षका उम्मेद्धवार जिताउन र विरोधीलाई हराउन साम, दाम, दण्ड, भेदको नीति अबलम्वन गरेको आरोप लाग्यो। पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइराला लगायतलाई हराउन प्रशासन संयन्त्र परिचालन गरि धाँधली गरिएको भनेर सरकारको चर्को विरोध भयो। त्यसरी सरकारी षड्यन्त्रबाट अन्यायपूर्वक हराइएका उम्मेद्धवारहरुले काठमाडौंको खुल्लामञ्चमा आलोपालो गरी २४ घण्टा रिले अनसन पनि गरे (पृ.१२६—१२७)।*

जनमत संग्रहपछिका दिनमा पञ्चहरुबीचको मतमुटाव गुटवन्दीमा रुपान्तरण हुन पुग्यो। बालिगमताधिकारका आधारमा चुनाव सम्पन्न भएको एक महिनापछि २०३८ साल जेठ २९ गते राजाले राष्ट्रिय पञ्चायतको वत्तिसौं अधिवेशन आव्हृ गरे। अपरान्ह २ वजेर १० मिनेटमा जेष्ठ सदस्य बखान सिंह गुरुङले बैठक

आरम्भ गर्दै भनेका थिए—सर्वसाधारण जनताले समसामयिक सुधार सहितको दलविहीन पञ्चायती व्यवस्था प्रति राखेको कुरा स्पष्ट भएको सन्दर्भमा राजाबाट लोकमतको आधारमा संविधानको तेस्रो संशोधन बक्सी गत वैशाख २७ गते आम निर्वाचन सम्पन्न भएको परिणाम स्वरुप आज हामी पञ्चायती व्यवस्थाको सर्वोच्च निकाय राष्ट्रिय पञ्चायतमा भेला भएका छौं (राष्ट्रिय पञ्चायतको भर्वेटिम, २०३८ जेठ २९)। यसरी पञ्चायती व्यवस्था आरम्भ भएको दुई दशक पछि जनताबाट प्रत्यक्ष निर्वाचित सदनको पहिलो बैठक सम्पन्न भएपछि अध्यक्ष चयन प्रकृया आरम्भ भयो । वैशाख ३० गते अध्यक्ष पदका लागि मरिचमान सिंहको एक मात्र मनोनयन पर्‍यो र राजाले उनलाई त्यस पदमा नियुक्त गरे।

खुला संसदीय अभ्यासको थालनी

प्रारम्भिक दिनमा राष्ट्रिय पञ्चायत सदस्य वाहेक अरु पञ्चहरुलाई समेत दर्शक दिर्घामा बसेर सदनको काम कारवाही पाउदैनथे। पञ्चायतको सर्वोच्च व्यवस्थापिका भित्र हुने सबै खाले छलफल र बहस बन्द कोठामा सिमित रहन्थे। थापा (२०७९) लेख्छन्—राष्ट्रिय पञ्चायत आफ्नै प्रकारको संसद् थियो । यद्यपी त्यहाँ विपक्षी थिएनन् । बन्द बैठक हुन्थ्यो। प्रकृयागत विरोध गर्ने पूरा अभ्यास हुन्थ्यो। जसले गर्दा आज समर्थन गरिरहेको व्यक्ति भोली विरोधमा उत्रिन्थ्यो । गाउँ देखि केन्द्रसम्म पञ्चातको संरचना खडा गरी निर्देशित प्रजातन्त्रको अभ्यास थालिएको थियो (पृ. १४८)।

प्रेसले समेत सचिवालयद्धारा तयार पारिएको बुलेटिनका आधारमा समाचार बनाउनु पथ्र्यो। प्राय त्यस्तो बुलेटिनमा कुन सदस्यले के विचार राखे, कस्ता मुद्धामा छलफल भयो भन्ने कुरा समेत खुलाइएको हुदैनथ्यो। संविधानको दोस्रो संशोधनपछि दर्शकको हैसियतमा पञ्चहरुलाई सदनमा प्रवेश दिन थालियो। २०३८ को निर्वाचनपछि सदन खुकुलो हुदै गयो । प्रेस पास लिएर पत्रकारहरुले सदनको रिपोटिङ गर्ने सुविधा पाए । यरी राष्ट्रिय पञ्चायतको गतिविधि खुला हुन पुग्यो। अनी पञ्चहरु नै मुलुकलाई प्रजातान्त्रिकरणतर्फ लैजानु पर्छ भन्ने आवाज सदन भित्र उठाउन थाले । २०३८ साल असार १८ गते सदनमा राष्ट्रिय पञ्चायतका सदस्य पशुपतिशमशेर राणाले भनेका थिए—

*पञ्चायती व्यवस्थाको लक्ष्य राजनैतिक प्रकृयामा समयानुकुल र क्रमिक विकास गरी व्यापक प्रजातान्त्रिकरणको दिशामा लम्कनु हो । यो सदन शुरु भएपछि पत्रकार जगत पट्टि पनि एउटा खुला वातावरण यो आम निर्वाचनपछि जुन वातावरण बनेको छ। निर्वाध यो सदनको पुरा रिर्पोटिङ्ग हुने व्यवस्था पनि हुनु पर्‍यो। अस्ति केही माननीय सदस्यहरुले कम्पलेन गर्नुभयो की आशय वंग्याएर प्रेसमा कुरा पुगि रहेको छ। र हाम्रो भावना जस्तो प्रष्ट ढंगले जनतामा जावस् भन्ने हामीलाई लाग्छ। यही किसिमबाट प्रष्ट खुल्लापनमा पत्रकारिता होस् भन्ने सबैको भावना पनि छ (राष्ट्रिय पञ्चायतको भर्वेटिम, २०३८ जेठ २८)।*

त्यही बैठकमा अर्को सदस्य केशरबहादुर विष्टले भनेका थिए—''आलोचना मात्र होइन, समालोचना हुनु पर्छ। एकपक्षीय दृष्टिकोणबाट देश वन्दैन। समालोचना भनेको सुधारका लागि हनु पर्छ (राष्ट्रिय पञ्चायतको भर्वेटिम, २०३८ जेठ २८)।

## राष्ट्रिय पञ्चायतका आखिरी दिन

बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतको अन्तिम निर्वाचन २०४३ वैशाख २७ मा शुरु भै जेठ १२ मा सम्पन्न भयो। राष्ट्रिय पञ्चायतले प्रधानमन्त्री र अध्यक्षको चयन गर्ने भने पनि दरवारको इसारा विना सदनमा पात समेत हल्लिने अवस्था थिएन। यस प्रसंगमा सुवेदी (२०६९) लेख्छन्—चुनाव सकिएपछिको भेटमा राजाबाट हुकुम भयो, नवराज तिमी यस पटक राष्ट्रिय पञ्चायत र जाँचबुझ समितिको अध्यक्ष बस। प्रधानमन्त्री मरिचमानलाई दिन्छु । अर्को पटकका लागि मेरो प्रधानमन्त्री तिमी नै हौं (पृ. ५८)। दरवारले प्रधानमन्त्री र अध्यक्षको टुंगो लगाएपछि मात्र राजाले राष्ट्रिय पञ्चायतको सैतिसौं अधिवेशन बोलाए । २०४३ जेठ २८ गते को कुरा हो। जेष्ठ सदस्य दोर्णशमशेर राणाको अध्यक्षतमा राष्ट्रिय पञ्चायतको बैठक बस्यो। अनी सदनले अध्यक्षमा सुवेदी र प्रधानमन्त्रीमा मरिचमान सिंहलाई चयन गर्‍यो।

सैन्य 'कु÷ मार्फत संसदीय व्यवस्थाको अन्त्य गरी राजा महेन्द्रले २०१७ साल पुष १ मा शुरु गरेको निर्दलीय पञ्चायती व्यवस्था २०४६ सालसम्म आई पुग्दा

जर्जर भैसकेको थियो। पिता महेन्द्रले शुरु गरेको पञ्चायती व्यवस्थामा सुधार नगर्ने हो भने मुलुकलाई अघि बढाउन सकिदैन भन्ने तहमा राजा वीरेन्द्र स्वयं पनि पुगि सकेका थिए। त्यही बेला (२०४६ फागुन ७) नेपाली कांग्रेस र संयुक्त बाममोर्चाले प्रजातन्त्र पुनस्र्थापनाको माग सहित संयुक्त जनआन्दोलन शुरु गरे । २०४६ फागुन ७ गतेबाट देशभर जनआन्दोलन शुरु भयो । जनता सडकमा ओर्लिए । राजधानी काठमाडौं सहित देशका प्रमुख शहरहरुमा दिनहुँ हजारौंको जुलुस निस्कि रहदा दुई महिनाका लागि भनेर पोखरा पुगेका राजा तीन महिना हुँदा सम्म पनि काठमाडौं फर्किनन् । ति दिन राजाको भ्रमण दलमा रहेका राष्ट्रिय पञ्चायतका तत्कालीन अध्यक्ष नवराज सुवेदीले लेखकलाई सुनाए—

*म पटक पटक सरकार काठमाडौं गएर वहुदलवादीसंग वार्ता गर्नु पर्‍यो भन्थे। पख न मेरो काम बाँकी छ हुकुम हुन्थ्यो। राजा माथि दवाव बढाउन मैले राष्ट्रिय पञ्चायत जाँचवुझ समितिको बैठक नै पोखरामा राखे। सबैले राजालाई भेटेर काठमाडौं फर्किन आग्रह गर्ने प्रस्ताव पास गरे। शुरुमा राजाले जाँचबुझ समितिका सदस्यलाई भेट्नै मानेनन्। मैले धेरै कर गरेपछि मात्र भेट्न तयार भए। आफूलाई भेट्न आएका पञ्चहरुसंग राजाले भने—तिमीहरु के भन्छौं मलाई थाहा छ। त्यसपछि उनले आफ्नो हातमा रहेको गोर्खापत्र च्यात्दै भने —अव म पञ्चायतलाई वार पार गर्न चाहन्छु। सक्छौ, वचाउ होइन भने वहुदल आउन देउ। राजा झोक्किए पछि हामी उठेर हिड्यौं।*

राजा वहुदल घोषणा लचिलो भए पनि रानी ऐश्वर्य लगायत कट्टरपन्थी दरवारियाहरु जसरी भए पनि पञ्चायत टिकाउनु पर्छ भन्ने पक्षमा थिए । राजाले गोरखापत्र च्याते लगत्तै रानी ऐश्वर्यले भनेकी थिइन,"बहुदल आयो भने हामी पनि बेलायतमा जस्तो हातखुट्टा बाँधिएको राजा हुने त होला नि÷ (राना, २०७६, पृ.१९८)। अनुदार पक्ष दरवारियाहरु जनतालाई अधिकार दिनु हुँदैन, पेलेरै जानुपर्छ भन्ने अडानमा भएकाले वीरेन्द्र अनिर्णयको वन्दी बनेर पोखरामा बसि रहेका थिए। राजासंगै पोखरामा रहेका राष्ट्रिय पञ्चायतका अध्यक्ष सुवेदीले लेखकलाई सुनाए—

*राजा आफू पञ्चायती व्यवस्थालाई बोक्न सकिदैन भन्ने निष्कर्षमा पुगि सकेका थिए। तर रानी लगायत जनतालाई अधिकार दिनु हुदैन, पेलेरै जानु पर्छ भन्ने कट्टरपन्थीहरुको दवावका कारण आन्दोलन रोक्नका लागि तत्काल कुनै कदम चाल्न सकिरहेका थिएनन् । सायद उनको भित्री चाहना वहुदल आवस् भन्ने थियो जस्तो लाग्छ।*

राजाको भित्री चाहना प्रधानमन्त्री मरिचमान सिंहलाई राजीनामा गर्न लगाएर दलहरुसंग वार्ता गर्ने प्रयोजनका लागि सरकार बनाउने भन्ने थियो ।

पूर्व प्रधानामन्त्री थापा (२०७९) लेख्छन्— परिस्थति अति नै बिग्रिएपछि राजा काठमाडौंमा फर्किए (पृ. ३२४)। त्यतिञ्जेल पञ्चायत विरुद्ध थालिएको आन्दोलनमा राजा रानी विरुद्ध नारावाजी हुन थालि सकेको थियो। खनाल (२०८०) लेख्छन्— काठमाडौं, पाटन र कीर्तिपुरमा जनआन्दोलन उग्र भैसकेको थियो। सडक गल्लीमा

राजा, रानी र राजतन्त्रविरुद्ध नारा घन्किदै थिए (पृ.४६९)। सुरक्षाकर्मीको परिचालनबाट आन्दोलन मत्थर पार्न सक्ने अवस्था थिएन । त्यही पृष्ठभूमीमा राजा वीरेन्द्रले जनआन्दोलनकारी दलहरुसंग वार्ता शुरु गरे। अनी ३० वर्ष लामो निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य मै मुलुकमा पुनः संसदीय युगमा प्रवेश गर्‍यो।

## निष्कर्ष

संसदीय व्यवस्थामा जनप्रतिनिधिहरुको सर्वोच्च प्रतिनिधिमूलक संस्था संसद्लाई सरकार वनाउने तथा सरकार माथि नियन्त्रण गर्ने, वजेट र करका दायरा निर्धारण गर्ने, मुलुक र जनताका मुद्धामा वहस छलफल चलाउने, महाअभियोग लगाउने जस्ता अधिकार हुन्छ । यस अर्थमा सदन सार्वभौम हुन्छ । पञ्चायती व्यवस्थाको संविधान अनुसार राजामा सार्वभौम अधिकार निहित थियो र दरवारको चाहना विपरित त्यो सदनले केही काम गर्न सक्दैनथ्यो । त्यसैले भन्न सकिन्छ देश दुनियाँको आखाँमा छारो हाल्न राष्ट्रिय पञ्चायतलाई संसदको जलप लगाइए पनि बास्तवमा त्यो राजाको भारदारी सभा मात्र थियो ।

## सन्दर्भ सूची

आचार्य, महामुनिश्वर। (२०२६)। *फर्केर हेर्दा : तेजबहादुर प्रसाईँको आत्मकथा*। काठमाडौंः मोहनबहादुर प्रसाईँ।

कोइराला, विश्वेश्वरप्रसाद। (२०६७)। *आत्मवृत्तान्त*। ललितपुरः जगदम्बा प्रकाशन।

खनाल, कृष्ण। (२०८०)। *विश्वेश्वरप्रसाद कोइराला*। काठमाडौंः ओरियन्टल पब्लिकेसन।

गोरखापत्र। (२०१८, वैशाख २)।

गोरखापत्र। (२०१८, जेठ १४)।

गोरखापत्र। (२०४३, असार १९)। *गोरखापत्र*, वर्ष ८६, अङ्क ५८, पृ. १।

थापा, सूर्यबहादुर। (२०७९)। *मेरा नौ दशक*। काठमाडौंः बुकहिल पब्लिकेसन प्रा.लि.।

देवकोटा, ग्रीष्मबहादुर। (२०३६)। *नेपालको राजनीतिक दर्पण*(दोस्रो भाग)। काठमाडौंः अर्जुनबहादुर देवकोटा।

निर्वाचन आयोग। (२०२६)। *नेपालको निर्वाचन इतिहास*(भाग १)। काठमाडौंः निर्वाचन आयोग।

सुब्बा, रणधीर। (२०२२, जेठ २९)। *श्री ५ महेन्द्र : एक विचारक राजनीतिज्ञ*। काठमाडौंः श्री ५ को सरकार, पञ्चायत मन्त्रालय, प्रचार विभाग।

सुब्बा, रणधीर। (२०२३)। *पञ्चायत के हो ?*। काठमाडौंः श्री ५ को सरकार, प्रचार मन्त्रालय।

प्रसाईं, दीर्घराज। (२०४३)। *नेपालमा राजनीतिक व्यवस्थाको विश्लेषण*। काठमाडौंः श्रीमती सानुबाबा प्रसाईं।

*देवकोटा, खिमलाल, २०८३*

संघीय संसद् सचिवालय। (२०२०—२०४६)। *राष्ट्रिय पञ्चायतको विवरण*। काठमाडौंः संघीय संसद् सचिवालय।

राणा, सुन्दरप्रताप। (२०७६)। *दरबारको दुःखान्त*। काठमाडौंः किताब पब्लिसर्स प्रा.लि.।

स्थापित, चिनियाकाजी। (२०३८)। *राष्ट्रिय पञ्चायत*। काठमाडौंः एन. शोभा स्थापित।

बन्त, प्रत्युष। (२०६१, पुस १)। *पुस १ पछि पञ्चायत प्रचार*। *कान्तिपुर दैनिक*।

शर्मा, तारानाथ। (२०४३)। *श्री ५ र पञ्चायत*। काठमाडौंः श्रीमती शान्ता शर्मा।

सुवेदी, नवराज। (२०६९)। *इतिहासको एक कालखण्ड*। ललितपुरः जगदम्बा प्रकाशन।